संघीय संसद

**राष्ट्रिय सभा**

# विधायन व्यवस्थापन समिति

मिति : २०७६/०५/३१
बैठक संख्या : १६९
समय : बिहान ९:३० बजे
प्रारम्भ : ९:३० स्थगन : ११:००

**विषयः– सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ सम्बन्धी छलफल ।**

छलफल तथा निर्णयः

आज बसेको यस समितिको बैठकमा प्रतिनिधि सभाबाट उत्पत्ति उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित पारित भई राष्ट्रिय सभामा पठाइएकोमा राष्ट्रिय सभाको मिति २०७६/०५/३० को निर्णयानुसार यस समितिमा दफावार छलफल गरी प्रतिवेदन पेश गर्नका लागि पठाइएको सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ माथि सैद्धान्तिक एवं दफावार छलफल भयो ।

उक्त छलफलमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

निर्णयः

१. सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ सम्बन्धमा संलग्न बमोजिम प्रतिवेदन पारित ।

२. पारित प्रतिवेदन सभाको आगामी बैठकमा पेश गर्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

संघीय संसद
राष्ट्रिय सभा
# विधायन व्यवस्थापन समिति

## प्रतिनिधि सभामा उत्पन्न भई उक्त सभाबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित पारित सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ (यस पछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७५" भन्ने अङ्कहरु को सट्टा "२०७६" भन्ने अङ्कहरु राख्ने ।

२. विधेयकको दफा ३४ को खण्ड (क) को पहिलो हरफमा रहेको "सम्बन्धमा" भन्ने शब्दको सट्टा "लागि" भन्ने शब्द राख्ने ।

३. विधेयकको दफा ३५ को उपदफा (३) मा रहेका "पचास प्रतिशतभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "बहुमत" भन्ने शब्द राख्ने ।

४. विधेयकको दफा ४७ को सट्टा देहायको दफा ४७ राख्ने :-

"४७. नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।"

५. विधेयकको दफा ४७ पछि देहाय बमोजिम दफा ४८ थप्ने :-

"४८. ऐन कार्यान्वयन मापन : यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ ।"

६. विधेयकको दफा ४८ झिक्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७६/०५/३१